# आर्थिक वर्ष २०७७/७८ को

# नीति तथा कार्यक्रम

थाक्रे गाँउपालिका

धादिङ जिल्ला

बागमती प्रदेश,नेपाल

२०७७

# आदरणीय सभाध्यक्ष महोदय, गाँउ सभाका सम्पूर्ण सदस्यज्यूहरू

नेपाली जनताले पटक पटक गरेको त्याग र बलिदान, सशस्त्र सङ्घर्ष, ऐतिहासिक जन आन्दोलनको गौरवपूर्ण इतिहासको जगमा निर्माण भएको नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय शासन प्रणालीलाई मूर्तरुप दिन २०७४ सालमा सम्पन्न निर्वाचन पश्चात तीनै तहमा सरकार गठन भई कार्य प्रारम्भ गरेको यस सभालाइ सर्बविदितै छ । नेपाली जनताको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिकार प्रयोग गरी यस गरिमामय सातौं गाउँ सभामा स्थानीय सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्षित एवम् गौरवान्वित भएको महसुस गरेको छु ।

हामी जन प्रतिनिधिहरू यस गाँउपालिकामा निर्वाचित भई थाक्रेबासीका भावना र आवश्यकताको उच्च सम्मान गर्दै गाँउपालिकालाई सुन्दर, स्वच्छ र समृद्ध बनाउने अभियानका साथ **"समृद्ध थाक्रे सुखी थाक्रेबासी"** को नारा लिई सोही अनुरुपको दीर्घकालीन उद्देश्य राखी आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा अगाडि बढ्न मन, वचन र कर्मले सदैव प्रतिवद्ध र कटिवद्ध छौ ।

आगामी आ.व. को लागि नीति तथा कार्यक्रम प्रस्तुत गरिरहदा मुलुकलाई यस अवस्थासम्म ल्याई पुऱ्याउन विभिन्न राजनैतिक आन्दोलनहरूको क्रममा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात शहीदहरू प्रति श्रद्धापूर्वक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाईते, अपाङ्गहरू प्रति हार्दिक सम्मान प्रकट गर्दै शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । राष्ट्रिय स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि सङ्घर्ष गर्नुहुने सम्पूर्ण नेपाली नागरिक, त्यसको नेतृत्व गर्नु हुने राजनीतिक शिखर व्यक्तित्वहरू प्रति हार्दिक आभार तथा सम्मान प्रकट गर्दछु । साथै देशको वास्तविक भूगोल समेटेर नयाँ नक्सा निशान छापमा समाबेश गरी सर्वसम्मत रुपमा जारी गर्न प्रमुख भूमिका निभाउनु हुने सम्मानीय प्रधानमन्त्रीज्यू,माननीय मन्त्रीज्यूहरू लगायत सम्पूर्ण प्रतिनिधि सभा र राष्ट्रिय सभाका माननीय सांसदहरूज्यूमा हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै कृषि क्रान्तिका अग्रज एवम् साहित्यकार केबलपुरे किसान देवी प्रसाद पौडेल र साविक थाक्रे गा.वि.स. अध्यक्ष नवराज सुवेदी लगायतका व्यत्तित्वहरूलाई समेत स्मरण गर्न चाहन्छु ।

आज यस सम्मानित गाँउसभामा मैले सम्बोधन गरिरहदा सम्पूर्ण विश्व जगत कोभिड १९ (कोरोना भाइरस) को महामारीले अत्यन्त प्रभावित भईरहेको छ । कोभिड १९ को कारण मानव जाति आज शताब्दीकै सबै भन्दा ठुलो चुनौतिसँग लडनुपर्ने अवस्था सृजना भएको छ । नेपाल पनि यस महामारीको प्रकोपबाट नराम्रोसँग प्रभावित भएको हुँदा हाम्रो गाँउपालिकाले यसको संवेदनशीलतालाई मध्यनजर गरी अगाडि बढनु पर्ने आवश्यकता देखिएको छ । कोभिड १९ बाट मृत्यु भएका व्यक्तिहरू प्रति हार्दिक श्रद्धान्जली र परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछु । यस समस्याका कारण हाम्रो प्राथमिकता क्षेत्र पनि परिवर्तन हुन गएको छ ।

नेपालमा कोभिड १९ को शुरुवात भए लगत्तै नेपाल सरकारले यसको रोकथाम तथा नियन्त्रणका लागि लागु गरेको विभिन्न रणनीतिहरूले तीन वटै सरकारहरूको समन्वय र सहकार्य अत्यन्त अपरिहार्य देखिएको छ । गाँउपालिका भित्र अग्रमोर्चामा रहेर काम गरिरहेका जनप्रतिनिधि, स्वास्थ्यकर्मीहरू, कर्मचारीहरू र सुरक्षाकर्मीहरूको योगदानलाई हार्दिक सम्मान र उच्च प्रशंसा गर्न चाहन्छु । यस विषम परिस्थितिसँग सामना गर्दैगर्दा हाम्रा सामु तमाम अवसर र चुनौतिहरू देखापरेका छन, जसलाई हाम्रो समन्वयात्मक कार्यगत एकताले सहजै सम्बोधन गर्ने कुरामा मैले विश्वास लिएको छु ।

गाउँको विकासमा नागरिकहरूको प्रत्यक्ष सहभागिता होस्, नागरिकहरूकै घर दैलोमा सरकारको अनुभूति होस् भन्ने उद्देश्यले सङ्घीय शासन व्यवस्था लागु गरिएसँगै त्यसको परिणाम स्वरुप यस गाउँपालिकाको गठन भई विगतका वर्षहरूदेखिनै कार्य प्रारम्भ हुदै आएको छ । कर्मचारीहरूको अभाव, भौतिक पूर्वाधारको अभाव, प्राविधिक क्षमताको कमि,संस्थागत क्षमता विकासमा कमिका बावजुत पनि यस गाउँपालिकाले सबै वडाहरूको सन्तुलित विकासलाई ध्यान दिई कार्यक्रमहरू सञ्चालन गरेको यस सभालाई अवगत नै छ । जनतामा आएको तिव्र विकासको चाहना र जनसहभागिता, जनप्रतिनिधिहरूको सबल प्रतिवद्धता जस्ता कारणले जनतामा विकास र समृद्धिप्रतिको उत्साह बढेको छ ।

## <u>सम्मानित गाँउसभाका आदरणीय सभाध्यक्ष महोदय,</u>

हाम्रा विकासका भावना एवम् सोचलाई मूर्तरुप दिन विश्वव्यापी रुपमा स्वीकार गरिएका दिगो विकासका लक्ष्यहरू तथा वर्तमान असहज परिस्थिति विरुद्ध सफलता हासिल गर्नेतर्फ उन्मुख हुदै आगामी आ.व.को लागि जन अपेक्षा सम्बोधन हुने गरी शिक्षा, स्वास्थ्य, कृषि तथा पशुपालन,खानेपानी तथा सरसफाइ, कोभिड १९ नियन्त्रण तथा रोकथामका लागि क्वारेन्टिन तथा आइसोलेसन व्यवस्थापन, पर्यटन, सडक, सिँचाई, समावेशी विकास,लैङ्गिक समानता तथा सामाजिक सशक्तिकरण, मानवीय विकास, सुशासन, पूर्वाधार तथा संस्थागत क्षमता विकास गर्न उपर्युक्त नीति तथा कार्यक्रमहरू सञ्चालन गर्न उपयुक्त ठानेको छु ।

थाक्रे गाउँपालिकाको समग्र विकासका लागि देहाय बमोजिमका सोच लक्ष्य एवम् उद्देश्य निर्धारण गरेको छु :

## आदरणीय सभाध्यक्ष महोदय,

दीर्घकालीन सोच : **"समृद्ध थाक्रे गाउँपालिका निर्माणको आधार – कृषि, उद्योग, पर्यटन , व्यापार र पूर्वाधार"**

लक्ष्य : थाक्रे गाउँपालिका रहेको प्राकृतिक श्रोत साधनजन्य उद्योगहरूलाई वातावरण मैत्री, दिगो विकास एवम् प्रचलित मापदण्ड अनुसार सञ्चालन हुने गरी संरक्षण र प्रवर्द्धन गर्ने, कृषि पेशा व्यवसायहरूलाई व्यवसायिक र आधुनिकिकरण गर्दै साना घरेलु उद्योग व्यवसायलाई सबलिकरण

गर्ने तथा ग्रामीण एवम् राजमार्ग केन्द्रीत पर्यटन व्यवसायको प्रवर्द्धन गर्दै राजधानी एवम् राजधानी बासीका आवश्यकता परिपूर्ति गर्ने उत्पादन क्षेत्रको विकास गरी आर्थिक केन्द्रको रुपमा विकास गरिने छ । यसका लागि समावेशी विकासको आधारमा जोड दिने, रोजगारी श्रृजना एवम् आर्थिक वृद्धि गर्ने, आन्तरिक श्रोतको अभिवृद्धि गर्दै आत्म निर्भरता वृद्धि गर्ने भौतिक तथा आर्थिक पूर्वाधारको विकास एवम् रोजगारी श्रृजना गर्दै गरिबी निवारणमा जोड दिइने छ ।

उद्देश्य : **"समृद्ध थाक्रे र सुखी थाक्रेबासी"** को चाहनालाई परिपूर्ति गरी आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय र सुशासनको क्षेत्रमा सबैल, सशक्त र समृद्ध गाउँपालिका निर्माण गर्ने उद्देश्य लिईएको छ । त्यसै सिलसिलामा म देहाय अनुसार नीति तथा कार्यक्रम प्रस्तुत गर्न सम्मानित गाउँ सभा समक्ष अनुमति चाहन्छु :

## आदरणीय सभाध्यक्ष महोदय,

योजना तर्जुमा गर्दा नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसूची ९ मा व्यवस्था गरिएका साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संसोधन सहित), स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, राष्ट्रिय योजना आयोगबाट प्राप्त दिग्दर्शन, सङ्घीय  सरकारको बजेट तथा कार्यक्रमका साथै प्रदेश सरकारको बजेट तथा कार्यक्रम र मार्गदर्शनलाई पूर्णतः अवलम्बन गर्दै यो नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ ।

### प्राथमिकता क्षेत्र

- कोभिड १९ बाट सिर्जित सङ्कट व्यवस्थापन
- कृषिमा यान्त्रिककरण आधुनिकीकरण तथा ब्यवसायिकरणको लागि विशेष जोड
- पूर्वाधार विकास (सुधारिएको सडक)
- शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- गुणस्तर तथा सर्ब सुलभ स्वास्थ्य सेवामा सुधार
- सूचना प्रविधि तथा सञ्चारमा विकास
- उद्यम र सहकारीताको विकास
- प्राकृतिक विपद ब्यवस्थापन पूर्व तयारी राहत वितरण र पूनःस्र्थापन, पूनःनिर्माण
- पर्यटन प्रवर्द्धनको क्षेत्रमा विशेष जोड
- मानव संसाधन र सामाजिक विकास
- सामुदायिक वनको संरक्षण तथा ब्यवस्थापन
- आन्तरिक रोजगार प्रबर्द्धनमा जोड
- स्वच्छ खानेपानी र सरसफाई व्यवस्थापन
- लैङिगक तथा सामाजिक समावेशिकरण

## क) आर्थिक क्षेत्र (आर्थिक प्रशासन(कृषि, पर्यटन, उद्योग, व्यापार) तथा राजस्व परिचालन सम्बन्धी नीतिहरू)

१) नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, का आधारमा थाक्रे गाँउपालिकाको आर्थिक ऐन साथै प्रचलित ऐन कानून तथा नेपाल सरकारद्वारा जारी गरिएका नीति, मार्गदर्शन र कार्यविधि बमोजिम राजश्व संकलनलाई व्यवस्थित गरी राजश्व अभिवृद्धि गर्ने नीति लिइनेछ ।

२) यस गाउँपालिकाक्षेत्र भित्र बसोबास गर्ने थाक्रे बासीहरूको क्षमता, स्थानीय श्रोत र अन्य गाँउपालिकाको तुलनात्मक अध्ययन तथा प्रचलित ऐन नियमका आधारमा करका दरहरू निर्धारण गरिनेछ ।

३) यस गाँउपालिकाबाट सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा उपेक्षित वर्गका लागि सहुलियत हुने गरी तोकिए बमोजिम सेवा शुल्क निर्धारण गरिनेछ ।

४) राजस्वका थप क्षेत्र पहिचान गरी राजस्व वृद्धि गर्ने नीति लिइनेछ । गाँउपालिकाको राजस्व सुधार कार्य योजना लागु गरिनेछ ।

५) **“राजस्व संकलन- भार होइन, समृद्धिको आधार हो”** भन्ने चेतना जागरण गराउन राजश्व सचेतना अभियान निरन्तर सञ्चालन गरिने छ । यस कार्यमा निश्चित समयको लागि स्वयमसेवक परिचालन गरिने छ ।

६) समयमा कर तिर्ने उद्योगी व्यवसायीहरूलाई गाँउपालिकाबाट सम्मान कार्यक्रम गरिने छ साथै सबैभन्दा धेरै कर तिर्ने उत्कृष्ट करदाताहरूको नामावली गाँउपालिकाको वेब साइटमा प्रकाशन गरिने छ ।

७) शिक्षा ,स्वास्थ्य,कृषि विकासको क्षेत्र,विपद् र विपन्न नागरिकहरूलाई गाँउपालिकाबाट गरिने सिफारिसमा शूल्क नलाग्ने व्यवस्था मिलाइने छ ।

८) महिलाको नाममा दर्ता भएका उद्योग व्यवसायीहरूलाई विशेष सहुलियत प्रदान गरिने छ । स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा टेवा पुऱ्याउने कर नीति अवलम्बन गरिनेछ ।

९) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत साधनको सन्तुलित वितरणको खाका तयार गर्ने नीति लिइनेछ ।

१०) सङ्घीय तथा प्रादेशिक सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारहरू तय गर्ने नीति अवलम्बन गरिनेछ ।

११) अर्थतन्त्रका तीन स्तम्भहरू सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई सहभागिता, स्वतन्त्र विकास र परिपूरक भूमिका मार्फत गाँउपालिकाको अर्थतन्त्रलाई सुदृढ गर्दै समृद्धिको मार्गतर्फ आर्थिक नीतिहरू केन्द्रित गरिनेछ ।

१२) उद्योग वाणिज्य सङ्घ लगायत सरोकारवाला सङ्घ संस्थाको सहकार्यमा व्यापार प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ । गाउँपालिकाको पहिचान र विकाससँग सम्बन्धित मेला, महोत्सब सञ्चालन गरिनेछ ।

१३) गाँउपालिका भित्र रहेको बाँझो जग्गाहरूको एकिकृत तथ्याङ्क सङ्कलन गरी सो को उपयोगको व्यवस्था मिलाउन भूमि बैंङ्कको अवधारणा शुरु गरिनेछ । यस्तो कार्यलाई प्रोत्साहन गर्न कर सहुलियत तथा अनुदानको ब्यवस्था गरिनेछ ।

१४) विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरूमा रहेको ज्ञान,सिप को विवरण समेत रोजगार सेवा केन्द्रमा अद्यावधिक गरी त्यस्ता जनशक्तिलाई गाँउपालिका क्षेत्रभित्र सञ्चालन हुने विकास निर्माण सेवा, विभिन्न उद्योग ब्यवसाय ,कृषि व्यवसाय तथा पशुपालन लगायतका क्षेत्रमा रोजगारदातासंग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ ।

१५) उपलब्ध स्थानीय स्रोत, श्रम, सिप र पूँजीको सामूहिक रुपमा परिचालनको माध्यमबाट उत्पादकत्व वृद्धि गरी गाँउपालिका क्षेत्रको दीगो र समतामुलक आर्थिक विकास गरिने छ ।

१६) जैविक (Organic) खेतीलाई प्रोत्साहन गरिने छ ।

१७) क्वारेन्टाईन चेकपोष्ट स्थापना गरी अनियन्त्रित रुपमा आयात भई रहेका अस्वस्थ तरकारी लगायत खाद्य पदार्थ आयातमा नियन्त्रणको लागि आवश्यक पहल गरिने छ ।

१८) स्थानीय स्तरमा उत्पादित तरकारी किसान स्वयम्ले विक्री वितरण गर्नका लागि तरकारी बजारको आवश्यक व्यवस्थापन गरिनेछ ।

१९) **"एक वडा एक कृषि उत्पादन"** कार्यक्रमको अवधारणलाई अगाडि बढाउन आवश्यकता अनुसार वडामा एक जना कृषि प्राविधिक राख्ने ब्यवस्थालाई क्रमशः अगाडि बढाइने छ ।

२०) भूगोल र हावापानी अनुसार फलफूल बिरुवा लागत साझेदारीमा वितरण गर्दै किसानको आय आर्जन बृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

२१) कृषिमा यान्त्रिकरण आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै उत्पादकत्व बृद्धि गरी यस गाउँपालिका क्षेत्रलाई अर्गानिक तरकारी, खाद्यान्न, दुध र मासुजन्य पदार्थमा आत्मनिर्भर हुदै निर्यातमा विशेष जोड दिने नीति लिइनेछ ।

२२) कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण गर्दै यसलाई मर्यादित एवम् आकर्षक पेशाको रुपमा विकास गरिनेछ । तुलनात्मक एवम् प्रतिस्पर्धात्मक लाभको सम्भावना र भौगोलिक एवम् पर्यावरणीय स्थिति अनुसार विभिन्न भागहरूलाई खाद्यवस्तु, तरकारी तथा नगदेबाली उत्पादनको पकेटक्षेत्र निर्धारण गरी विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

२३) बैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई कृषि तथा पशुपालन सम्बन्धी कार्यमा प्रोत्साहित गरिने छ । सामूहिक रुपमा २० रोपनी र सोभन्दा माथि जग्गा भाडामा लिई कृषि सम्बन्धी कार्य गर्ने कृषकलाई निश्चित अनुदानको व्यवस्था गरिने छ ।

२४) कृषिको यान्त्रीकरणलाई प्रोत्साहन दिन सामूहिक र सहकारी कृषि प्रणालीको विकास गरिने छ । मल, बीउ, सिंचाई, प्रविधि र कृषि उपजको बजारको सुनिश्चितता कायम गरिने छ । बाली तथा पशुपन्छी बीमामा किसानको सर्बसुलभ पहुँच पुग्ने व्यवस्था गरिने छ । यसका लागि निजी क्षेत्रसँगै सहकारी संस्थाहरूलाई समेत परिचालन गरिनेछ । कृषि सहकारीको प्रवर्द्धन गरी साना किसानहरूको आर्थिक सामाजिक सशक्तिकरण गरिनेछ । यस गाउँपालिका क्षेत्रको उपयुक्त स्थानमा ग्रिन हाउस(तरकारी बिरुवा नर्सरी) निर्माण गरी लागत साझेदारीमा तरकारीका बिरुवा वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

२५) कृषि क्षेत्रको विकासका लागि आवश्यक प्राविधिक सेवा उपलब्ध गराइनेछ । साथै कृषि सम्बन्धी सूचनाहरू स्थानीय पत्रपत्रिका, रेडियो, मोवाइल तथा सामाजिक सञ्जालमार्फत सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ ।

२६) कृषितर्फ मुख्य खाद्यवस्तुहरूको उत्पादनमा वृद्धि गरी खाद्यन्नमा आत्मनिर्भर बनाइ खाद्य सुरक्षा हासिल गराउने नीति अवलम्बन गरिनेछ । गाउँपालिका क्षेत्र भित्रका कृषक, कृषक समूह र सहकारी मार्फत उन्नत जातको बिउविजन लागत साझेदारीमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

२७) रोजगारमूखी कार्यक्रम कृषि, पशुपन्छी पालन, माछा एवम् मौरी पालन र पुष्प व्यवसायलाई विशेष प्रोत्साहन गर्न समूह मार्फत साझेदारीमा अनुदान प्रदान गर्ने नीति अवलम्बन गरिने छ ।

२८) व्यवसायिक कृषि तथा पशुपालनलाई प्रोत्साहन गरिने छ । साथै व्यवस्थित बधशाला निर्माण गर्न प्रोत्साहन गरिने छ ।

२९) पशुपालनका लागि उन्नत जातका घाँस खेतीलाई प्रोत्साहन गरिने छ ।

३०) पशुपालनको लागि प्राविधिक जनशक्तिको विकास र परिचालनको लागि एक वडा एक पशु स्वास्थ्य प्राविधिकहरूलाई निरन्तरता दिइने छ ।

३१) प्रत्येक वडाहरूमा निः शुल्क पशु सेवा केन्द्रहरू सञ्चालन गरिने छ ।

३२) कृषकहरूको समस्या समाधानको लागि छुट्टै टोल फ्री नम्बरको व्यवस्था मिलाइने छ ।

३३) कृषि तथा पशुपन्छी बिक्री वितरणका लागि स्थानीय स्तरमा हाट बजारको व्यवस्थापन गरिने छ ।

३४) मासु र दुधमा आत्म निर्भर बनाइदै निर्यातमूखी बनाउनको लागि व्यक्तिगत तथा सामूहिक रुपमा पशुपालन गर्ने कार्यलाई प्रोत्साहन गर्न कम्तिमा माउ बाख्रा १० वटा, गाई भैसी ५ वटा र पाडापाडी कम्तिमा ५ वटा पशुपालन गर्ने कृषकहरूलाई खोर गोठ निर्माण सुधारका लागि प्रोत्साहन स्वरुप अनुदानको व्यवस्था मिलाइने छ ।

३५) राजमार्ग केन्द्रित होटल, रेष्टुरेन्ट, भोजनालयको खाद्य स्वच्छता कायम गरी व्यवसायलाई मर्यादित एवम् यात्री/पर्यटक मैत्री बनाउने नीति अबलम्वन गरिने छ ।

३६) थाक्रे गाउँपालिका क्षेत्र भित्र रहेका क्रसर उद्योग, इट्टाभट्टा, ग्यास उद्योग लगायत ठुला उद्योगलाई सामाजिक सेवा एवम् वातावरण मैत्री बनाउदै हाल सञ्चालित वा सम्भावना भएका उद्योग कलकारखाना एवम् खानीलाई प्रचलित मापदण्ड भित्र सञ्चालनगर्ने नीति अवलम्बन गरिने छ ।

३७) गाउँपालिकाको कार्यक्षेत्र भित्र रहेका सबै सहकारी संस्थाहरूको नियमन, प्रवर्द्धन र प्रशिक्षण गरि सहकारी क्षेत्रको संस्थागत क्षमता विकास गर्ने नीति अबलम्वन गरिने छ ।

३८) **"कृषि क्षेत्रको प्रगति र उन्नति,थाक्रेको विकास र समृद्धि"** नामक कार्यक्रम सञ्चालन गरिने छ ।

३९) गाउँपालिका क्षेत्रभित्रका उत्कृष्ट कृषक छनौट गरि सम्मान गरिनेछ । समय समयमा कृषि प्रदर्शनी मेला आयोजना गरिने छ ।

४०) **"एक मुख तीन रुख"** कार्यक्रमलाई निरन्तरता दिइ प्रभावकारी कार्यान्वयनमा ल्याइने छ ।

४१) भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवद्धन गरिनेछ ।

४२) आर्थिक रुपले अति विपन्न, श्रमिक तथा मजदुरलाई रोजगार उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गर्ने आयोजनाहरू सञ्चालन गरिने छ ।

४३) स्थानीय तहमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीमा प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

४४) गाँउपालिका मातहत रहने रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरूलाइ सार्वजनिक क्षेत्रका कार्यक्रम तथा आयोजनामा सृजना हुने रोजगारीमा संलग्न गराइने छ ।

४५) युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

४६) गरीबी न्यूनीकरण तथा रोजगारी अवसरमा बृद्धि गर्न स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी श्रममूलक आयोजना मार्फत समुदायको विकास सँगै सामाजिक संरक्षणको प्रत्याभूति गराइने छ ।

४७) दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रबर्द्धन गर्न आवश्यक सिपमूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिमको व्यबस्था मिलाइने छ ।

४८) सङ्घ तथा प्रदेशले ल्याएको रोजगार मूलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिने छ ।

४९) आन्तरिक रोजगारी सृजना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइने छ ।

५०) युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरूलाई प्रोत्साहित गरिने छ ।

५१) COVID 19 को कारणबाट बैदेशिक रोजगारीमा जान नपाएका तथा विदेशबाट फर्किन बाध्य भएका व्यक्तिहरुलाई सूचिकृत गरी विशेष प्राथमिकता साथ रोजगार प्रदान गरिने छ ।

५२) नेपाल सरकारको स्वामित्वमा रहेको बैङ्कहरूसँग समन्वय गरी शून्य प्रतिशत ब्याजदरमा ऋणको व्यवस्था गरी यूवाहरूका लागि उद्यमशील कार्यक्रम सञ्चालन गरिने छ ।

५३) गाउँपालिका क्षेत्र भित्रका १५०० घर धुरीमा सुधारिएको चुलो निर्माण गरिने छ । गोबर ग्यास प्लान्ट निर्माणलाई गाउँपाालिकाबाट अनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

५४) राजमार्ग वरपर बाँकी रहेका मुख्य बजार र सामाजिक सार्वजनिक संरचना रहेका स्थानमा सोलार बत्ती जडान कार्यलाई निरन्तरता दिइने छ । स्वास्थ्य संस्थाहरूमा सोलार बत्ती जडान गरिने छ ।

## आदरणीय सभाध्यक्ष महोदय,

## ख) सामाजिक क्षेत्र (सामाजिक विकास नीति तथा कार्यक्रम)

### कोभिड १९ सङ्कट व्यवस्थापन, स्वास्थ्य,खानेपानी तथा सरसफाइ सम्बन्धी नीतिहरू

५५) विश्वमा मानव जातिकै लागि चुनौतिको रुपमा देखिएको कोभिड १९ (कोरोना भाइरस) महामारीलाई रोकथाम तथा नियन्त्रणका लागि गाँउपालिकाले सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गरी कार्यक्रमहरू सञ्चालन गरिने छ ।

५६) कोभिड सङ्क्रमणको सम्भावित जोखिममा रहेका नागरिकहरूलाई नेपाल सरकारले तोके बमोजिमका मापदण्डको आधारमा क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाइनेछ । यस कार्यमा आवश्यकता अनुसार छिमेकी स्थानीय तहहरू सँग समेत समन्वय र सहकार्य गरिने छ ।

५७) कोभिड १९ को रोकथाम, नियन्त्रण र सम्भावित क्षति न्यूनिकरण गर्न प्रत्येक वडामा आइसोलेसन कक्ष सहितको क्वारेन्टाइन स्थापना गरिने छ ।

५८) कोभिड १९ सङ्क्रमित तथा प्रभावितहरूलाई हुन सक्ने सम्भावित घृणा, लाञ्छाना र भेदभावका विरुद्ध सबै वडाहरूमा सचेतना मुलक कार्यक्रमहरूलाई अभियानका रुपमा सञ्चालन गरिने छ ।

५९) कोभिड १९ बाट सङ्क्रमित तथा प्रभावित व्यक्ति तथा उनीहरूका परिवार प्रति हुन सक्ने भेदभाव र लाञ्छाना विरुद्ध सामाजिक सचेतिकरण अभियानहरू सञ्चालन गरिनेछ ।

६०) सङ्क्रमण जोखिम रहदा सम्म अशक्त, असहाय एवम् आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि राहतका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

६१) गाँउपालिका कार्यालय, विषयगत शाखा तथा वडा कार्यालयहरूबाट सेवा प्रवाह गर्दा भौतिक दूरी कायम गरी स्वास्थ्य सम्बन्धी तोकिएको मापदण्डको आधारमा हेल्थ डेस्क प्रयोगमा ल्याइनेछ । साथै उक्त कार्यालयहरूमा हातधुने साबुन, पञ्जा, सेनिटाइजर, थर्मोमिटर गन लगायतका स्वास्थ्य तथा सरसफाइ उपकरणहरू प्रयोगमा ल्याइने छ ।

६२) गाँउपालिकाको अग्रमोर्चामा रहेर काम गर्ने स्वास्थ्यकर्मी, कर्मचारीहरू, सुरक्षाकर्मी, एम्बुलेन्स चालकहरूका लागि स्वास्थ्य सुरक्षा कवचका रुपमा विभिन्न आवश्यक स्वास्थ्य सामग्रीहरू उपलब्ध गराइने छ ।

६३) गाँउपालिकामा विभिन्न स्थानमा रहेका क्वारेन्टाईनहरूलाई खानेपानी तथा सरसफाइ र स्वास्थ्य सुरक्षा सहित व्यवस्थित बनाइनेछ ।

६४) विभिन्न रोग तथा महामारीको प्रभावबाट मानसिक रुपमा विक्षिप्त व्यक्ति, परिवार तथा समुदायलाई लक्षित गरी "**एक वडा एक मनोविमर्शकर्ता**" नियुक्त गरी मनोपरामर्श सेवा उपलब्ध गराइने छ ।

६५) एम्वुलेन्स, शवबाहन, दमकल जस्ता सेवा सञ्चालन गरी तयारी अवस्थामा राख्ने व्यवस्था मिलाइने छ ।

६६) स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाईबाट प्राप्त हुने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सेवाहरू र उपचारात्मक सेवाको लागि आवश्यक औषधी, उपकरण तथा स्वास्थ्य सामग्रीको ब्यवस्था मिलाइने छ ।

६७) खोप, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्य सँग सम्बन्धित आधारभूतसेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयं सेविकालाई परिचालन गरिने छ ।

६८) कोभिड १९ को सम्भावित जोखिममा परेका नागरिक तथा कर्मचारीहरूका लागि गाँउपालिकाबाट आरडिटि परीक्षणको व्यवस्था मिलाइने छ । बैदेशिक रोजगारबाट फर्केका क्वारेन्टिनमा बसेका व्यक्तिहरूलाई PCR परीक्षण गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

६९) **"स्वस्थ थाक्रे, निरोगी थाक्रेबासी"**को परिकल्पना पूरा गर्न प्राकृतिक चिकित्सा र योग अभ्यास लाई प्राथमिकता दिइनेछ, साथै मनोसामाजिक परामर्श सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइने छ ।

७०) स्वास्थ्य बिमा कार्यक्रम, जटिल रोग सम्बन्धी घुम्ती शिविर सञ्चालन, ब्लड डोनेसन र स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिने छ ।

७१) स्वास्थ्य चौकीमा सुत्केरी भई वडा कार्यालयमा जन्म दर्ता गर्न आउदा पोषणयुक्त खाना सहयोग कार्यक्रम अन्तर्गत प्रोत्साहन स्वरुप नगद रकम दिने व्यवस्थालाई निरन्तरता दिइने छ ।

७२) स्वास्थ्य सेवामा सबैको पहुँच पुर्‍याउनका निम्ति आधारभूत स्वास्थ्य भवन ईकाइहरू निर्माण कार्य अगाडि बढाइने छ ।

७३) गाउँपालिका भित्रका सबै नागरिकलाई स्वास्थ्य विमा मार्फत स्वास्थ्य सेवाको सुलभ पहुँच तथा आधारभूत आकस्मिक स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिने छ ।

७४) सुगर, प्रेसरका लागि ५०% लागत साझेदारीमा र मानसिक रोगीहरुका लागि निःशुल्क औषधिको व्यवस्थापन गरिने छ ।

७५) स्वास्थ्यमा सर्बव्यापी पहुँच ( Universal health coverage ) को अवधारण अनुरुप प्रवर्धनात्मक,प्रतिकारात्मक,उपचारात्मक तथा पूनःर्स्थापनात्मक सेवालाई एकीकृत रुपमा विकास र विस्तार गरिने छ ।

७६) कोरोना,सरुवा रोग,किटजन्य रोग,पशुपन्छीजन्य रोग ,जलवायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्यको एकीकृत उपायहरू अबलम्बन गरिने छ ।

७७) नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति,परिवार,समाज,तथा सम्बन्धित निकायलाई जिम्मेवार बनाउँदै एकीकृत स्वास्थ्य प्रणलीको विकास तथा विस्तार गरिने छ ।

७८) गर्भवती महिलाहरूलाई सुत्केरी हुन स्वास्थ्य चौकी सम्म जान सुत्केरी पश्चात तहाँ सम्म फर्किन प्रदान गरिएको निशूल्क एम्बुलेन्स सेवा सञ्चालनलाई निरन्तरता दिइने छ ।

७९) पोषणको अवस्थालाई सुधार गर्न, मिसावटयुक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवम्म स्वास्थ्यवर्धक खाद्यपदार्थको प्रवर्द्धन,उत्पादन,प्रयोग र पहुँचलाई विस्तार गरिने छ ।

८०) मातृ तथा नवजात शिशुको मृत्युदर घटाउनको लागि घरमा शुन्य प्रसूति घोषणा अभियान कार्यक्रम निरन्तरता दिइने छ ।

८१) स्वास्थ्य चौकीमा प्रोटोकल अनुसार ४ पटक गर्भजाँच तथा प्रसूति गराए वापत सुत्केरी प्याकेट वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

८२) स्वास्थ्य संस्थाहरूमा सबै किसिमका  फोहोरमैला व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ । साथै स्वास्थ्य संस्थामा भ्याक्सिन राख्न आवश्यक फ्रिजको व्यवस्था गरिने छ ।

८३) स्वास्थ्य संस्थामा प्रसूति भए वापतको सुत्केरीलाई दिने पोषणयुक्त खाना कार्यक्रमलाई निरन्तरता दिइने छ ।

८४) स्तनपान कक्ष स्थापनाको लागि आवश्यक  व्यवस्था मिलाइने छ ।

८५) महिला स्वास्थ्य स्वयम्सेविकाहरूले पाउने प्रोत्साहन भत्ताको रकमलाई निरन्तरता दिइने छ । साथै कामका आधारमा थप प्रोत्साहन गर्दै जाने नीति लिइने छ ।

८६) दुर्गम तथा ग्रामीण क्षेत्रमा अल्ट्रासाउण्डको सहायताले गर्भवती महिलाहरूको समयमै जटिलता पत्ता लगाई मातृ तथा नवजात शिशुको मृत्युदर घटाउनको लागि ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिइने छ ।

८७) दक्ष जनशक्तिको व्यवस्थापन गर्दै सबै स्वास्थ्य चौकीमा ल्याब व्यवस्थापन गर्दै जाने नीति लिइने  छ ।

८८) गाँउपालिका स्तरीय अस्पताल निर्माणका लागि जग्गा खरिद गरी अस्पताल भवन निर्माण र स्वीकृतिका लागि सङ्घ/ प्रदेश सरकारसँग अनुरोध गरिने छ ।

८९) यस गाउँपालिका खुल्ला दिशामूक्त क्षेत्र घोषणा भई सकेको र अझ थप व्यवस्थित गर्न व्यस्त सार्वजनिक ठाउँहरूमा सार्वजनिक शौचालय बनाउन पहल गरिने छ । थाक्रे गाँउपालिकालाई पूर्ण सरसफाइ  यूक्त गाउँपालिका घोषणा गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन गरी सकिएकोमा सरकारी तथा गैरसरकारी विकास साझेदारहरूसँगको सहकार्यमा आगामी वर्ष भित्र पूर्ण सरसफाइयूक्त गाउँपालिका घोषणा गर्ने नीति लिइने छ ।

९०) थाक्रे गउँपालिका क्षेत्र भित्रका फोहर व्यवस्थापन गर्नका लागि स्थायी ल्याण्डफिल्ड साइट खोजी गरी प्रयोगमा ल्याइनेछ र घरबाट निस्कने फोहोर व्यवस्थापनको लागि कम्पोष्ट बिन लागत साझेदारीमा वितरण गरिनेछ । ल्याण्डफिल्ड साइट निर्माणको लागि निजी क्षेत्रलाई समेत आह्वान गरिने छ ।

९१) आगामी आर्थिक वर्षमा गाँउपालिकाको आवधिक योजना र खानेपानी तथा सरसफाइ गुरुयोजना तयार गरी लागु गरिनेछ ।

९२) जैविक विविधताको संरक्षण गर्न र हाल भई रहेको खानेपानीका श्रोतहरू सुक्दै गएकोले प्रत्येक वडामा कम्तिमा एक एक वटा परम्परागत पोखरीहरू निर्माण गर्ने कार्यलाई अगाडि बढाइने छ ।

९३) स्वस्थ खानेपानीको मुहानको समस्या देखिएका टोल बस्तीमा सम्भाव्यता हेरी डिप बोरिङ गरेर खानेपानीको प्रबन्ध मिलाइने छ ।

९४) खानेपानीको सर्वसुलभ पहुँचको लागि गाँउपालिका भित्र सम्पूर्ण घरधुरीमा “**एक घर एक धारा**” निर्माण गरिने लक्ष्य लिइने छ ।

९५) ९० % भन्दा माथि स्वच्छ खानेपानीको व्यवस्था भएका वडाहरूलाई स्वच्छ खानेपानीयुक्त वडा घोषणा गर्दै जाने नीति लिइएको छ ।

## आदरणीय सभाध्यक्ष महोदय,

## शिक्षा सम्बन्धी नीतिहरू

९६) विश्वभर देखिएको कोभिड १९ का कारण थाक्रे गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरूमा अध्ययनरत झण्डै ७२०० जना विद्यार्थीको पठन पाठन सम्बन्धीकार्य अवरुद्ध भएको अवस्था छ । यस जटिल परिस्थितमा पनि सामाजिक दुरी कायम गरी सबै बालबालिकाको हात हातमा विद्यालयका शिक्षकहरू र स्वयमसेवकहरू मार्फत पाठ्यपुस्तक पुऱ्याइएको छ । विद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम बैकल्पिक विधिहरूको प्रयोग गरी पठन पाठन सुचारु गर्ने व्यबस्था मिलाईने छ ।

९७) सामाजिक दूरी कायम गरी विद्यालय सञ्चालन गर्ने नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सामग्री प्रयोग गरी मापदण्ड पालना गर्ने गराउने गरी पठन पाठन नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण,खानेपानी,शौचालय तथा ससरसफाइ को प्रबन्ध गरिने छ ।

९८) गाउँपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या र तहगत विद्यालय सञ्चालनका आधारमा दरवन्दी मिलान कार्य सम्पन्न गरी सकिएको छ । दरवन्दी मिलान पश्चात प्राथमिक तहमा २१ जना ,निम्न माध्यमिक तहमा ३३ र माध्यमिक तहमा ३४ गरी जम्मा ८८ जना शिक्षकहरूको व्यवस्थापन गाँउपालिकाबाट गरिएकोमा उक्त कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइने छ ।

९९) विद्यालयका परीक्षाहरूमा तोकिएको मापदण्डको आधारमा उत्कृष्ट सिकाइ उपलब्धी हासिल गर्ने विषयगत शिक्षकलाई गाउँपालिकाबाट सम्मान तथा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१००) सबै विद्यालयहरूमा लागु औषध दूर्व्यशन विरुद्धको अभियान सञ्चालन गरिने छ ।

१०१) गाउँपालिका क्षेत्र भित्र सञ्चालित सबै सामुदायिक विद्यालयहरूमा विद्युतीय हाजिरीको प्रबन्ध गरिने छ , सबै विद्यालयहरूमा न्यूनतम १ थान कम्प्युटर र १ थान प्रिन्टरको व्यवस्था गरिएकामो कम्प्युटर विषय पठन पाठन गर्न चाहने विद्यालयहरूलाई थप प्रोत्साहन गरी आवश्यक सहयोग प्रदान गरिने छ । साथै प्रत्येक विद्यालयका १ जना शिक्षकलाई छोटो अवधिको सफ्टवेयर तथा हार्डवेयर सम्बन्धी तालिमको व्यवस्था गरिने छ ।

१०२) विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक सामग्रीको व्यवस्था गरिने छ । विद्यालय आसपासमा पत्रु खाद्य (junk food) विक्री वितरण लाई पूर्णतया निशेध गरिने छ ।

१०३) विद्यालयमा सुरक्षित तथा स्वच्छ शैक्षिक वातावरण कायम गरिने छ । कम्पाउण्ड वाल तथा घेरावार गर्न आवश्यक देखिएका विद्यालयहरूलाई सो कार्यका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

१०४) गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरूले विद्यार्थीको सहजताका लागि बस सेवा सञ्चालन गर्न चाहेमा गा.पा. बाट थप प्रोत्साहन गर्ने नीति लाई निरन्तरता दिइने छ ।

१०५) **"थाक्रेको विकास एवम् सम्वृद्धिमा प्रेरणा, प्राविधिक तथा औद्योगिक शिक्षाको अवधारण**ा" भन्ने नारालाइ मूतरुर्प दिन गत वर्ष देखि प्राविधिक शिक्षा तर्फ कक्षा ९ बाट सिभिल इन्जिनियरिङको कक्षा सञ्चालन भएकोमा आगामी वर्ष देखि कृषि तथा पशुपालन सँग सम्वन्धित प्राविधिक विषय सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।

१०६) उद्योगहरूमा काम गर्ने प्राविधिक जनशक्तिहरूको परिपूर्तिका लागि औद्योगिक प्राविधिक (प्राद्योगिक महाविद्यालय)सञ्चालन गर्न प्रदेश सरकारसँग आवश्यक पहल गरिने छ ।

१०७) आगामी वर्ष विद्यालयहरूको नक्साङ्कन सम्बन्धी कार्य गरिने छ । गा.पा क्षेत्र भित्र नयाँ विद्यालय खोल्ने , एकिकरण गर्ने, तह थप्ने ,तह घटाउने, अन्यत्र सार्ने गाभ्ने जस्ता कार्य नक्साङ्कनका आधारमा मात्र गर्ने नीति लिइनेछ ।

१०८) आधारभूत तहमा अंङग्रेजी माध्यमबाट पठन पाठन गर्न चाहने विद्यालयका शिक्षकलाई अङ्ग्रेजी भाषाको तालिम कार्यक्रम सञ्चालन गरिने छ, साथै गाउँपालिकाबाट नियुक्त भएका र अन्य दरवन्दीमा कार्यरत शिक्षकलाई समेत आवश्यकताको आधारमा तालिमको व्यवस्था गरिने छ ।

१०९) गाउँपालिका भित्रका सबै माध्यमिक विद्यालयहरूमा पुस्तकालय, आई.सि.टि र विज्ञान प्रयोगशालाको व्यवस्था गरिने छ ।

११०) गा.पा क्षेत्र भित्र सञ्चालित बाल विकास केन्द्रलाई थप व्यवस्थित रुपमा सञ्चालन गरिने छ ,बाल विकास केन्द्र नभएका विद्यालयहरूमा कम्तिमा २० जना बालबालिका भएको अवस्थामा अनुदानको व्यवस्था गरिने छ । बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताहरूलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट न्यूनतम पारिश्रमिकको व्यवस्था नहुदासम्म हाल प्रदान गरिएको प्रोत्साहन कार्यक्रमलाई कायमै राखिने छ ।

१११) **"एक विद्यालय एक खेल मैदान"** को नीति लिइने छ । सबै विद्यालयहरूमा खेलकुद सामग्रीहरूको आवश्यक प्रबन्ध गरिनेछ र वडा नं. १० मा रहेको गाँउपालिका स्तरीय खेलकुद मैदानलाई व्यवस्थित रुपमा खेलकुदका कार्यक्रम सञ्चालन गर्ने गरी सम्पन्न गरिने छ । आगामी वर्ष सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्ड लगायतका कार्यक्रमहरू सोही खेलमैदानमा सञ्चालन गरिने छ । साथै गाँउपालिका स्तरीय कभर्ड हल निर्माण कार्यलाई प्राथमिकता दिइने छ ।

११२) गाँउपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी विद्यालयहरूलाई कार्यक्रम स्थल सम्म जादा र फर्कदाको सम्पूर्ण यातायात खर्च गाँउपालिकाले व्यहोर्ने नीति लिइने छ ।

११३) आधारभूत तह कक्षा ३ सम्म हाल सञ्चालित सामुदायिक विद्यालय जान आधा घण्टा बढी समय लाग्ने अवस्थामा नियमित पठन पाठनमा कठिनाई हुने बालबालिकाहरूको लागि विशेष व्यवस्था गरिने छ ।

११४) गाँउपालिका क्षेत्र भित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययन/ अध्यापन गर्ने /गराउने विद्यार्थी तथा शिक्षकहरूको प्रतिभाको पहिचान गरी प्रतिभाको प्रदर्शन गर्ने

,प्रशारण गर्ने र त्यस्ता प्रतिभावान शिक्षक , विद्यार्थीहरूलाई थप प्रोत्साहन तथा सम्मान गरिने छ ।

११५) गाँउपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई प्रचलित ऐन नियमावलीले निर्दृष्ट गरे बमोजिमको निश्चित विधि र प्रकृयाको आधारमा सरुवा गरिने नीति अवलम्बन गरिने छ ।

११६) गाँउपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयमा सम्वन्धित तहको स्थायी शिक्षकलाई प्र.अ नियुक्ति गरिने व्यवस्था क्रमश: मिलाइने छ ।

११७) शिक्षक तथा विद्यार्थीहरूलाई नैतिकवान, कर्तव्यनिष्ठ, सहयोगी बनाउन उल्लेखनीय योगदान पुऱ्याउने स्काउट सम्बन्धी कार्यक्रमलाई सम्पूर्ण विद्यालयहरूमा विस्तार गरिने छ ।

## आदरणीय सभाध्यक्ष महोदय,

## समावेशी विकास नीतिहरू

११८) थाक्रे गाउँपालिका भित्र रहेका अति विपन्न परिवारलाई स्वरोजगार एवम् आयआर्जनको कार्यक्रम मार्फत गरिबी निवारणको नीति लिइने छ । यसका लागि **"विपन्नसँग अध्यक्ष"** कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइने छ यस मार्फत आगामी आ.व. मा कम्तिमा १०० विपन्न घर परिवारलाई उक्त कार्यक्रममा सहभागी गराइने छ ।

११९) यस थाक्रे गाँउपालिका क्षेत्र भित्र रहेका महिला, अपाङ्ग, जेष्ठ नागरिक, बालबालिका र पिछडिएको वर्गको छुट्टाछुट्टै सञ्जाल गठन गरी लक्षित समुदायको सशक्तिकरणमा जोड दिइने छ ।

१२०) महिला, एकल महिला, वालवालिका, दलित, जनजाति, अपाङ्ग, असहायको उत्थानका लागि लक्षित वर्ग कार्यक्रम अन्तर्गत सम्बन्धित क्षेत्रमा क्रियाशील सङ्घ संस्था र गााउँपालिकाको साझेदारीमा सशक्तिकरणका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१२१) **"समृद्धिका लागि सहयात्रा, थाक्रेको विकासमा अनिवार्य आवश्यकता"** भन्ने नारालाई साकार पार्न विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवम् सन्तुलित विकासका लागि ती क्षेत्रका समुदायले जुटाउनुपर्ने लागत सहभागिताको भारलाई कम गर्न सकारात्मक बिभेदको नीतिलाई अगाडि बढाइनेछ ।

१२२) बालमैत्री गाँउ बनाउनको लागि बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार बालमैत्री कार्यक्रमहरू सञ्चालन गरी यस गाँउपालिकालाई बालश्रम मुक्त गाउँपालिका घोषणा गरिने छ ।

१२३) थाक्रे गाँउपालिकामा बर्षौ अगाडि देखि मुस्लिम समुदायको उपस्थिति रहेकोमा उक्त समुदायको सम्बर्द्धन तथा मातृभाषा शिक्षालाई प्रवर्द्धन गर्ने र मुस्लिम समुदायको पर्वमा गाउँपालिका क्षेत्रभित्रका विद्यालयमा परिक्षा सञ्चालन नहुने गरि शैक्षिक पात्रोमा व्यवस्था गर्ने नीति लिइनेछ । यस गाँउपालिकामा तामाङ समुदायको अधिक बसोबास रहेको हुनाले

निजहरूले मनाउने ल्होसार पर्वको सम्मान स्वरुप एक दिन सार्वजनिक बिदा दिने व्यवस्था मिलाइनेछ ।

१२४) सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी बनाइ यस क्षेत्र भित्रका कमीकमजोरी न्यूनिकरणगर्न मोबाइल बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणको कार्य शुरु भैसकेको छ, यस सेवा प्रवाहलाई थप प्रभावकारी बनाउदै जाने नीति लिईने छ ।

१२५) थाक्रे गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण महिलाको समग्र विकासका लागि एक परिवार कम्तीमा एक सदस्य रहने गरी गाउँपालिका क्षेत्रभरी महिला समूह गठन गरि महिलाको क्षमता विकास, सशक्तिकरण तथा संस्थागत विकास गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

१२६) वातावरण मैत्री स्थानीय शासनको प्रारुपमा उल्लेखित सूचकहरू कार्यान्वयनको लागि स्थानीय तहमा कार्यरत गैरसरकारी संस्थासँग समेत सहकार्य गर्नुका साथै वडा समितिलाई परिचालन गरी सामाजिक परिचालक मार्फत कार्यान्वयनमा ल्याइने छ ।

१२७) समुदायमा रहेको साधन, स्रोतलाई  सङ्गठितरुपमा परिचालन गरी सामाजिक रुपान्तरण र समन्यायिक आर्थिक वृद्धिमार्फत समुदायको सशक्तिकरण गर्न सहकारी अभियानलाई अघि बढाइने छ ।

१२८) आर्थिक जीवनस्तर उकास्नको लागि विभिन्न उद्यमशील कार्यक्रम सञ्चालन गरी स्वरोजगार सृजना गर्ने महिला, दलित, आदिबासी जनजाती, सिमान्तकृत नागरिकहरू समेतलाई लक्षित गरी **"उद्यमीसँग उपाध्यक्ष"** कार्यक्रम सञ्चालन गरिने छ ।

१२९) **"विकासमा महिला,समृद्धिमा पहिला"** कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै जाने नीति लिएको छ । गाँउपालिकाबाट सञ्चालन गरिने विकास निर्माणका कार्यहरूमा महिलाहरूको नेतृत्व वृद्धि गर्ने नीतिलाई थप प्रभावकारी बनाइने छ । वडा स्तरका उपभोक्ता समिति मार्फत सञ्चालन हुने कम्तिमा एक तिहाई योजनाहरू महिलाको नेतृत्वमा सञ्चालन गर्ने र समग्र योजनाहरूमा ५० प्रतिशत महिला रहने नीति अबलम्बन गरिने छ ।

१३०) गाउँपालिका क्षेत्रभित्र रहेका फरक क्षमता भएका, आदिवासी जनजाति, अल्पसङख्यक, महिला, मजदुर तथा सामाजिक र आर्थिक रुपमा पछाडि पारिएका वर्ग समुदायको उत्थानका लागि थप सहयोगका कार्यक्रम सञ्चालन गरिने छ ।

१३१) समाजमा पछाडि पारिएका प्रजा समुदायका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१३२) यस गाउँपालिकालाई बालविवाह, बहुविवाह जस्ता कुप्रथा र कुरितिको अन्त्य गर्दै बालहिंसा, लैङ्गिक हिंसा मुक्त गाउँपालिका बनाउन  विभिन्न सचेतना मूलक कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ । **"२० वर्ष पुरा भएपछि जोडौ वैवाहिक नाता–उज्ज्वल भविष्यका लागि १५ देखि २० वर्ष उमेर समूहका किशोर किशोरीको नाममा बैङ्क खाता"** कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिनेछ ।।

१३३) सुनचाँदी व्यवसायलाई प्रवर्द्धन गर्नका लागि पाता र तार पेल्ने मेसिन खरीदमा  साझेदारी कार्यक्रम सञ्चालन गरिने छ ।

१३४) गाउँपालिका क्षेत्रभित्र फलामका काम गर्ने समूहलाई सामुहिक रुपमा सुधारिएको आरन निर्माण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइने छ ।

१३५) सिलाई सम्बन्धी पेशा सञ्चालन गर्ने समुदायलाई प्रोत्साहित गर्न सामुहिक प्रेसर मेसिन लागत साझेदारीमा खरिद गरी सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

१३६) किशोरी दिवस र स्वच्छ महिनावारी दिवसका अवसरमा विभिन्न सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।

१३७) हालसम्म स्वीकृत भएका लैङ्गिक समानता तथा सामाजिक सुरक्षा सम्बन्धी कानूनहरू र नीतिहरूका बारेमा पदाधिकारी तथा कर्मचारीहरूका लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ ।

१३८) सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैंङ्गिक तथा सामाजिकरुपमा पछाडि पारिएका व्यक्ति र समूहलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभावको विश्लेषण गरी प्रतिवेदनमा उल्लेख गर्नुपर्ने  ब्यवस्था मिलाइने छ ।

१३९) महिला विरुद्ध हुने सबै खालको हिंसा निर्मुल गर्ने कार्यक्रमहरू सञ्चालन गरी समुदायमा सचेतनामुलक अभियानहरू सञ्चालन गरिनेछ ।

१४०) गाँउपालिकाले वार्षिक रुपमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणलाई निरन्तरता दिनेछ ।

१४१) वार्षिक कार्यक्रम वनाउदा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा प्रक्रिया अवलम्बन गरेर गर्ने प्रक्रियाको थालनी गरिने छ ।

१४२) गाँउपालिका क्षेत्रमा कार्यक्रम सञ्चालनगर्ने गैह्र सरकारी संस्था (NGO) र अन्तराष्ट्रिय गैह्र सरकारी (INGO) संस्थाहरूसँग समन्वय गरि गाँउपालिकामा आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट पेश गर्न लगाई, संस्था सूचिकृत गर्ने र गै.स.स. द्वारा वार्षिक रुपमा सञ्चालित कार्यक्रमहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गरिने छ ।

१४३) बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको बारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५ को होडिङवोर्ड बनाइ गाँउपालिकाका विभिन्न सार्वजनिक स्थानमा टाँस गरिने छ ।

१४४) हिंसा पिडित महिला तथा बालबालिकाहरूका लागि सञ्चालित सुरक्षित आवास गृहलाई भवन निर्माणका लागि आवश्यक रकम विनियोजन गरी व्यवस्थित आवास गृह निर्माण गरिने छ ।

## समुदाय विकास नीतिहरू

१४५) विपन्न तथा जोखिममा रहेका समुदायको नक्साङ्कन गरी उनीहरूको आर्थिक तथा सामाजिक सशक्तिकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ । यस्ता कार्यमा गाँउपालिकामा कार्यक्षेत्र वनाई काम गरीरहेका विकास साझेदारहरूलाई समेत परिचालन गरिने छ ।

१४६) गाँउपालिकाद्वारा सञ्चालन गरिने सिप तथा स्वरोजगारमूलक, क्षमता अभिवृद्धि कार्यक्रमहरू लागत सहभागिताको आधारमा सम्बन्धित सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहकार्यमा सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

१४७) विदेशबाट फर्केका युवाहरूको सिप प्रमाणिकरण गरी त्यस्ता युवाहरूलाई सम्बन्धित क्षेत्रमा ब्यवसाय सञ्चालन गर्न आवश्यक सहयोग गरिने छ ।

१४८) समुदायमा हुने विवाद समाधान गर्न मेलमिलाप गर्ने नीति अख्तियार गरिने छ । यसका लागि मेलमिलापकर्ताहरूको छनौट गरी मेलमिलाप केन्द्रलाई क्रियाशील बनाइने छ ।

१४९) ग्रामिण गरीवी न्यूनीकरणको लागि विभिन्न आयमूलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१५०) लागू औषध दुर्व्यसनी न्यूनिकरण गर्न सम्बन्धित सङ्घ संस्थाहरूको सहकार्यमा कार्य गरिने छ ।

१५१) सेरापाखा वनलाई पर्या-पर्यटनको रुपमा विकास गर्न नेपालको सबैभन्दा ठूलो सरस्वती मन्दिर निर्माण तथा पिकनिक स्पटको रुपमा विकसित गरिनेछ ।

१५२) आगामी आ.व. देखि गाँउपालिकाबाट गरिने खरिद लगायतका कार्यहरू e-bidding मार्फत् सञ्चालन गरिने छ ।

१५३) राजमार्ग क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रण तथा न्यूनिकरणको लागि C.C.T.V जडान गरिएकोमा अन्य आवश्यक स्थानमा समेत C.C.T.V जडान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१५४) घरेलु मादक पदार्थ उत्पादनलाई निरुत्साहित गरी वैकल्पिक आय आर्जन पेशामा प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१५५) वडा नं. २ स्थित चालिसे माथि जङगलमा शान्ति पार्क निर्माण कार्यक्रमको D.P.R. गरी योजना प्रारम्भ गरिने छ । सो योजना सम्पन्न गर्नको लागि प्रदेश सरकारसँग समन्वय गरिने छ ।

## आदरणीय सभाध्यक्ष महोदय,

## ग) पूर्वाधार क्षेत्र (सहरी पूर्वाधार तथा भौतिक संरचना विकास सम्बन्धी नीतिहरू)

१५६) पूर्वाधार विकासका क्रियाकलापहरू सञ्चालन गर्दा विपद जोखिम संवेदनशीलतालाई केन्द्र विन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा ईष्टीमेट गर्ने व्यवस्था मिलाइने छ ।

१५७) प्रत्येक वडाको रणनीतिक सडक स्तरोन्नतीका लागि आवश्यक व्यवस्था गरिने छ । यस्ता योजनालाई ठेक्का मार्फत सञ्चालन नीति लिइने छ । साथै वडा कार्यालयलाइ गाँउपालिकासँग जोडने सडकहरू बाह्रै महिना चल्ने सक्ने गरी निर्माण गरिने छ ।

१५८) सडक अभिलेखीकरणको कार्यलाई जी.आई.एस (भौगोलिक सूचना प्रणाली) सँग आबद्ध गरी अगाडि बढाइने छ ।

१५९) गाँउपालिका क्षेत्र भित्रका सडकहरू नियमित रुपमा मर्मत सम्भार गर्नका लागि मर्मत सम्भार कोषको व्यवस्था गर्ने कार्य अगाडि बढाइने छ । निर्माण भैसकेका सडकहरूको आवश्यकता अनुसार स्तरोन्नती गर्दै लगिने नीतिलाई निरन्तरता दिइने छ ।

१६०) यस गाउँपालिकाभित्र निर्माण हुने व्यत्तिगत तथा सार्वजनिक भवनहरूको नक्शा पास गर्ने कार्य अगाडि बढाइने छ ।

१६१) यस वर्ष छनौट गरिएका आयोजनाहरूलाई P1, P2 र P3 मा वर्गीकरण गरी P1 मा परेका आयोजनाहरूलाई पहिलो चौमासिकमा, P2 मा परेका आयोजनाहरूलाई दोस्रो चौमासिकमा र P3 मा परेका आयोजनाहरूलाई तेस्रो चौमासिकमा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ । ईष्टिमेट र सम्झौता आश्विन मसान्त सम्म सकिने गरी आवश्यक तयारी गरिनेछ ।

१६२) पूर्वाधार निर्माणको मापदण्ड तोकी आवश्यकता अनुसार गुणस्तर मापनको कार्य लाई अनिवार्य गरिनेछ ।

१६३) जनसहभागितामा सञ्चालन गरिने आयोजनाहरू कार्यान्वयन गर्दा वातावरणमैत्री आयोजना बनाउने तर्फ सम्बन्धित उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउने नीति लिइनेछ । सम्पन्न भएका आयोजनाहरूको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण जिम्मेवारी सम्बन्धित उपभोक्ताहरूलाई नै हस्तान्तरण गर्ने नीति लिइनेछ । हस्तान्तरित योजनाको सम्पूर्ण मर्मत सम्भारका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाईनेछ ।

१६४) भौतिक पूर्वाधार तथा संरचनाको गुणस्तर सुनिश्चततको लागि सुपरिवेक्षण तथा अनुगमन कार्यलाई नियमित बनाइ प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

१६५) व्यवस्थित तथा योजनाबद्ध सहरी विकासलाई प्रोत्साहित गर्ने नीति लिइनेछ । भू-उपयोग नीति अवलम्बन गरिनेछ । व्यवस्थित विकासको लागि **"थाक्रे विकास गुरुयोजना"** बनाउनका निम्ति कार्य अगाडि बढाइने छ ।

१६६) सार्वजनिक जग्गाको लगत सङ्कलन गरी संरक्षणको नीति अवलम्बन गरिने छ ।

१६७) नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा विद्युत वितरण लाइन विस्तार गर्दा स्थानीय जनतामा कुनै असर नपर्ने गरी विद्युत प्रसारण गर्ने नीति अवलम्बन गरिनेछ साथै जोखिम पूर्ण काठका पोलहरूलाई हटाउने कार्यलाई निरन्तरता दिइने छ ।

१६८) सडक तथा टोल बस्तीमा प्रतिक्षालय/चौतारो निर्माण गर्ने नीति अवलम्बन गरिने छ ।

१६९) थाक्रे गाउँपालिकाका पर्यटन सम्बन्धी सम्भावना बोकेका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने नीति लिइने छ । यस अन्तर्गत वडा नं. ३ को भूमिचुली, , वडा नं ४ र ५ को माथिल्लो तसर्पु र तल्लो तसर्पु, वडा नं. ५ को पोखरी चौर, वडा नं. ६ को रानीझरना, वडा नं.७ को थामभञ्ज्याङ र वडा नं. ८ को गणेश चौर क्षेत्रलाई सम्भाव्यता को आधारमा पर्यटकीय, शैक्षिक, खेलकुद र अन्य क्षेत्रको रुपमा विकास गर्न आवश्यक प्रबन्ध गरिने छ ।

१७०) यस गाउँपालिका क्षेत्र भित्र रहेका उद्योग व्यवसायहरूलाई व्यवस्थित रुपमा सञ्चालनको लागि उद्योग हब स्थापना गर्न उपयुक्त स्थानको छनौट गरि सम्भाव्यता अध्ययन गरिनेछ ।

१७१) गाँउपालिका भवन निर्माण कार्यको ठेक्का सम्झौता भई निर्माण कार्य अगाडि बढेको छ, उक्त भवन निर्माण कार्य सम्पन्न गरी आगामी गाँउसभा नयाँ भवनमा सञ्चालन गरिने

लक्ष्य लिइएको छ । साथै वडा कार्यालय भवन सम्झौता भइसकेका भवनहरू ६ महिना भित्र सम्पन्न गर्ने र अन्य वडा कार्यालय भवनहरूको निर्माण कार्यलाई प्राथमिकता दिई निर्माण कार्य सम्पन्न गरिने छ ।

## आदरणीय सभाध्यक्ष महोदय,

## घ) वन,वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीतिहरू

१७२) कोभिड १९ बाहेकका विपदहरूको रोकथाम तथा न्यूनिकरणका लागि पूर्वतयारी, प्रतिकार्य र पूनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद ब्यवस्थापन कोषमा आबश्यक वजेटको ब्यवस्था गरिने छ ।

१७३) वृक्षारोपण, हरियाली तथा हरित क्षेत्रको प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ यसका लागि एक घर दुई फलफुल विरुवा वितरण कार्यलाई निरन्तरता दिइने छ ।

१७४) फोहोरमैला सङ्कलन, पूनःउपयोग, प्रशोधन र विसर्जन गरी सफा सहर निर्माण गर्ने नीति अवलम्बन गरिने छ ।

१७५) वन संरक्षण, व्यवस्थापन, दिगो उपभोग र स्वच्छ वातावरणको लागि समुदायमा आधारित वन व्यवस्थापन प्रणालीलाई सुदृढीकरण गरिनेछ । जैविक विविधताको संरक्षण, वातावरणीय सेवा र जीविकोपार्जनका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१७६) विपद् व्यवस्थापनका लागि विपद्का क्षेत्रहरूमा जोखिमको अवस्था, जोखिम न्यूनिकरणको उपायहरू तथा संस्थागत प्रवर्द्धन गर्न आवधिक जोखिम व्यवस्थापन योजना निर्माण गरिने छ ।

१७७) वनस्पती, गैरकाष्ठ वन पैदावर तथा जडीबुटि प्रजातिको अध्ययन, अनुसन्धान, संरक्षण, खेती तथा उत्पादन बृद्धि र प्रशोधन केन्द्रहरू स्थापना गरी वनमा आधारित उद्यमलाई प्रोत्साहित गरिने छ ।

१७८) वन क्षेत्रको अतिक्रमण रोक्न र आगलागी नियन्त्रण गर्न आवश्यक कार्ययोजना तयार गरी सङ्घ  र प्रदेश सरकारसँग सहकार्य गरी नियन्त्रणका यन्त्र उपकरण उपलब्ध पहल गरिने छ ।

१७९) विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनिकरण कार्ययोजना तय गरी लागू गर्ने नीति अवलम्बन गरिनेछ ।

१८०) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तह तथा समुदाय, सङ्घ संस्था, निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने नीति अवलम्बन गरिने छ ।

१८१) सडक यातायाततर्फ सडक दुर्घटना कम गर्न तथा दुर्घटना पश्चात तत्काल उद्धारको कार्य गर्ने व्यवस्था मिलाइने छ ।

१८२) भु-संरक्षण एवम् पहिरो नियन्त्रणको लागि वृक्षारोपण कार्यक्रम एवम् रोकथामका विधि अबलम्बन गर्ने नीति लिइनेछ ।

१८३) विपद् बेला प्रयोग गर्ने गरी विपदसँग सम्बन्धित संस्थाहरू जस्तै रेडक्रस लगायत सँग सहकार्य गरी तालिम प्राप्त खोज तथा उद्धारकर्ता तालिम सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ ।

१८४) विद्युतीकरण भई Low Voltage को कारण विद्युत अवरोध हुने स्थानमा तत्काल सर्भे गरी विद्युत क्षमता विस्तार गरिने छ ।

१८५) बाँझो जमिनमा जडीबुटि, गैह्र काष्ठ पैदावार विरुवा रोपण गर्नका लागि निजी र सार्वजनिक संस्थालाई उक्त जग्गा लिजमा दिई वातावरण संरक्षण र रोजगारी सिर्जना गर्ने कार्यलाई अगाडि बढाउन प्रदेश सरकारलाई अनुरोध गरिने छ ।

१८६) विपद् उद्धारकर्ताहरूलाई सक्रिय बनाइनेछ । विपदको समयमा उद्धार कार्यमा खटिने उद्धारकर्ताहरूलाइ भत्ताको व्यबस्था गरिने छ ।

१८७) गाँउपालिकामा व्यवस्थित नर्सरी निर्माण गरिने छ ।

१८८) मुख्य मुख्य सडक किनारामा भूक्षय रोक्नको लागि वृक्षारोपण कार्यक्रम सञ्चालन गरिने छ ।

१८९) प्रत्येक वर्ष चट्याङबाट मानवीय क्षति व्यहोर्न परेकाले विज्ञहरूको परामर्शमा भूमेस्थानमा चट्याङ प्रतिरोधी टावर निर्माण कार्य अगाडि बढाइने छ ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

## ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन नीतिहरू

१९०) कोभिड १९ का कारण ब्यापार व्यवसाय तथा सेवा क्षेत्रमा पर्न गएको नकारात्मक असरबाट राहत प्रदान गर्न ब्यवसाय कर, घरबहाल कर जस्ता करको क्षेत्रमा परेको असरको मुल्याङ्कन गरी कर सहुलियत प्रदान गर्न आबश्यक कानूनी ब्यवस्था मिलाइनेछ ।

१९१) कोभिड १९ का कारण कर तथा गैरकर राजस्वमा पर्न सक्ने असरलाई आँकलन गरी आन्तरिक आय अनुमानलाई सकेसम्म यथार्थपरक बनाइनेछ ।

१९२) कोभिड १९ का कारण उत्पन्न असहज परिस्थितिको सामना गर्न तत्कालीन आवश्यकता पहिचान ढाँचाबाट प्राथमिकतामा परेका क्रियाकलापहरू कार्यान्वयन गर्न नीजि क्षेत्र, गाँउपालिकामा कार्यरत गैरसरकारी संस्था, सहकारी संस्था तथा स्थानीय सामुदायिक संस्थाहरूलाई परिपूरक भूमिकामा परिचालन गरिने छ ।

१९३) राजश्व शाखालाई थप क्रियाशील बनाउन आवश्यक कर्मचारीको ब्यवस्थापन गरिने छ ।

१९४) सेवा प्रवाहको गुणस्तरका बारेमा समिक्षा गर्न कार्यपालिका, शाखा प्रमुख तथा वडा सचिवहरूको चौमासिक प्रगति समिक्षा बैठक सञ्चालन गरिने छ ।

१९५) सुचना प्रविधिको उपयोग गरी गाउँपालिकाको बजेट तर्जुमा खर्चको लेखाङ्कन अभिलेख र प्रतिवेदन प्रणालीमा एकरुपता ल्याइ वित्तीय अनुशासन कायम गरिने छ ।

१९६) वडा कार्यालयहरू र गाउँपालिकामा राजश्व तथा विभिन्न सिफारिस दस्तुरहरूलाई वडाबाट गाउँपालिकामा सफ्टवयेरको माध्यमबाट साप्ताहिक रुपमा अद्यावद्यिक गर्ने व्यवस्था मिलाइने छ ।

१९७) गाँउपालिकाले सम्पन्न गरी सकेका संस्थागत स्वमूल्याङ्कन तथा  लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण पश्चात तयार गरिएको कार्य योजनाहरूलाई  आगामी आर्थिक वर्षबाट कार्यान्वयन  गर्दै लैजाने नीति लिइने छ ।

१९८) कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन पद्धतिलाई प्रभावकारी र वैज्ञानिक बनाइ सेवामुखी एवम् जवाफदेही बनाइनेछ साथै उच्च कार्य सम्पादन सहित उत्कृष्ट सेवा प्रवाह गर्ने राष्ट्रसेवक कर्मचारीलाई नगद पुरस्कार सहित सम्मान गरिने छ ।

१९९) थाक्रे गाउँपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवाहरूलाई चुस्त र पारदर्शी बनाइने छ, सेवा प्रवाहमा विद्युतीय प्रविधिको प्रयोग गरिनेछ कार्यलयको गतिविधिहरू वेब साईट, फेसबुक पेज मार्फत सार्वजनिक गरिनेछ । मोबाईल एप्स मार्फत सम्पूर्ण योजना र गतिविधिहरू जानकारी हुने व्यवस्था मिलाउन शुरुवात गरिएकोमा आगामी आ.व.देखि यसलाई थप प्रभावकारी बनाइने छ  ।

२००) थाक्रे गाउँपालिका, वडा कार्यालयहरू र स्वास्थ्य चौकीमा कम्प्युटर, विद्युतीय ब्याकअप तथा विद्युतीय हाजिरी जस्ता ICT पूर्वाधारहरू व्यवस्थापन भइसकेको हुँदा कार्यालयहरूबाट प्रवाह गरिने सेवाहरूलाई चुस्त दुरुस्त बनाउन सबै वडा कार्यालय तथा स्वास्थ्य चौकीहरूमा इन्टरनेट बिस्तार गरिनेछ ।

२०१) बेरुजु नहुने गरी आर्थिक प्रशासन सञ्चालन गर्ने नीति लिइने छ । आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाइनुको साथै आन्तरिक लेखा परीक्षण बाट यथार्थ विवरण प्राप्त हुने व्यवस्था मिलाइनेछ ।

२०२) पत्रकारिता क्षेत्रको, प्रर्वद्धन एवम् विकासका लागि पत्रकार महासङ्घ  लगायत सञ्चारसँग सम्बद्ध निकायहरूसंग समन्वय गरी सञ्चारमैत्री कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

२०३) गाउँपालिकाबाट सम्पादन हुने कामहरूलाई प्रभावकारी बनाउन प्रचलित कानून बमोजिम विषयगत र क्षेत्रगत निर्देशिकाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

२०४) सुशासन एवम् पारदर्शितालाई मुल मन्त्र मानी सञ्चार माध्यमलाई मर्यादित एवम् सम्मानित र जिम्मेवार बनाउन प्रत्येक वर्ष उत्कृष्ट पत्रकार सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

२०५) पारदर्शिता एवम् सुशासनका लागि गाँउपालिकाको आम्दानी एवम् खर्चलाई सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै विकास निर्माण कार्यमा पारदर्शिता कायम गर्न योजना स्थलमा नै हरेक चौमासिकमा सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२०६) सुशासन र सेवा प्रवाहलाई चुस्त, प्रभाावकारी बनाउन ऐन, नियम, कार्यविधि, निर्देशिकालाई पूर्ण रुपमा पालना गरिनेछ । सेवा प्रवाहमा संलग्न कर्मचारीहरूको मनोबल बढाउन आवश्यकता अनुसार प्रोत्साहनका कार्यक्रमहरू ल्याइनेछ ।

२०७) थाक्रे गाउँपालिकाका विभिन्न विधाका प्रतिभा हाम्रा गहना हुन्, त्यस्ता प्रतिभाको कार्यक्रम मार्फत खाजी गरी गाउँपालिकाको ख्यातिमा योगदान पुऱ्याउने प्रतिभाको सम्मान गर्ने नीति गाउँपालिकाले अबलम्बन गर्ने छ ।

२०८) यस गाउँपालिकाको सुशासन र सेवा प्रवाहका सम्बन्धमा जिज्ञासा गुनासो सुनुवाइ गर्नको लागि सञ्चार माध्यम मार्फत जनतासँग अध्यक्ष, न्यायिक आवाज लगायतका विगतमा सञ्चालित कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२०९) गाँउपालिकाबाट सञ्चालित टोल फ्रि नम्बरमा आउने गुनासा र सो को सम्बोधनलाई थप ब्यवस्थित वनाइने छ ।

२१०) सदाचार नीतिलाई प्रवर्द्धन गरिने छ । भ्रष्टाचार निर्मुल गर्न शून्य सहनशीलताको नीति अवलम्बन गरिने छ ।

## आदरणीय सभाध्यक्ष महोदय,

प्रस्तुत नीति तथा कार्यक्रममा लिखित रुपमा उत्कृष्ट शब्द चयन, व्यवस्थित लिपि, आकर्षक नारा र समय सान्दर्भिक विषयहरु समेटिएको भएता पनि कार्यान्वयनको चरणमा फितलो अवस्था रहन गयो भने उल्लेख गरे अनुसारको नतिजा देखाउन सकिदैन र त्यसको खासै अर्थ पनि रहन्न त्यसैले प्रस्तुत नीति तथा कार्यक्रमले मार्गनिर्देश गरे अनुसारको नतिजा प्राप्त गर्न सवैले आ आफ्नो स्थानवाट योगदान पुऱ्याउनु हुनेछ भन्ने विश्वास लिएको छु र यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट थाक्रे गाउँपालिकाको सम्वृद्धी एवम् विकासमा उल्लेखनीय योगदान पुग्ने अपेक्षा गरेको छु । यस नीति तथा कार्यक्रम तयार गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण वडा समितिहरू,कार्यपालिकाका सदस्यहरू,राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरू,बुद्धिजीवीहरू,राष्ट्र सेवक कर्मचारीहरू र विभिन्न सँघ संस्थाका प्रतिनिधिहरू सबैलाई धन्यवाद व्यक्त गर्न चाहन्छु । प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि समेत सबैको साथ र सहयोगको अपेक्षा गर्दछु । धन्यवाद ।

<u>प्रस्तुत कर्ता</u>
रामकुमार आचार्य
अध्यक्ष
थाक्रे गाउँपालिका